सुनकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुलखर्क, ओखलढुङ्गा
कोशी प्रदेश, नेपाल

सूचना नं. ३-२०८३/८४

*"संस्कृति, पर्यटन, कृषि र पूर्वाधार: समावेशी सुनकोशी समृद्धिको आधार"*

# व्यापार व्यवसायी दर्ता, नवीकरण तथा सूचीकृत गर्ने सम्बन्धी सूचना ।

(प्रकाशित मिति २०८३/०४/०१)

प्रस्तुत विषयमा सुनकोशी गाउँपालिका भित्र सञ्चालनमा रहेको व्यापार व्यवसाय, उद्यमहरुले अनिवार्य रुपमा सुनकोशी गाउँपालिकाको व्यवसाय दर्ता, नवीकरण तथा सूचीकृत सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ बमोजिम असोज मसान्तसम्म अनिवार्य दर्ता, नवीकरण तथा सूचीकृत गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा कानून बमोजिम कारबाही गरिने व्यहोरा अनुरोध छ

**तपसिल**

**१. व्यवसाय दर्ताको लागिः**

क. कार्यविधिको अनुसूची -१ बमोजिमको ढाँचा अनुसारको दर्ता निवेदन,
ख. व्यवसाय दर्ता शुल्क (आर्थिक ऐन, २०८३ बमोजिम),
ग. जग्गा धनी पमाणपत्रको प्रतिलिपि (भाडामा भए घरभाडा सम्झौता प्रतिलिपि),
घ. सम्बन्धित वडा कार्यालयको सिफारिस,
ङ. नागरिकता पमाणपत्र प्रतिलिपि,
च. पासपोर्ट साइज फोटो (२ प्रति),
छ. अनुमती लिनु पर्ने प्रकारको व्यवसाय भएमा सम्बन्धित निकायको अनुमतिपत्र,
ज. कुखुरा, सुँगुर, बंगुर लगायत पशु फर्मको हकमा सधियारको सहमतिपत्र।

**२. व्यवसाय नवीकरणको लागिः**

क. कार्यविधिको अनुसूची -१ बमोजिमको ढाँचा अनुसारको निवेदन
ख. नवीकरण शुल्क (आर्थिक ऐन, २०८३ बमोजिम),

**३. व्यवसाय सूचीकृतको लागि (संघ तथा प्रदेश कार्यालयमा दर्ता भई यस गाउँपालिका भित्र सञ्चालनमा रहेका)ः**

क. कार्यविधिको अनुसूची -१ बमोजिमको ढाँचा अनुसारको निवेदन
ख. व्यवसाय दर्ता शुल्क (आर्थिक ऐन, २०८३ बमोजिम),
ग. जग्गा धनी पमाणपत्रको प्रतिलिपि (भाडामा भए घरभाडा सम्झौता प्रतिलिपि),
घ. सम्बन्धित वडा कार्यालयको सिफारिस,
ङ. नागरिकता पमाणपत्र प्रतिलिपि,
च. पासपोर्ट साइज फोटो (२ प्रति)।

लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

Email:- ito@sunkoshimunokhaldhunga.gov.np / sunkoshee@gmail.com CAO:- 9852887800
Website:- www.sunkoshimunokhaldhunga.gov.np Info Officer:- 9852887799
Facebook Page:- https://www.facebook.com/sunkoshirm.okhaldhunga